नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info@moless.gov.np
Website: moless.gov.np


प.सं. २०७५/७६
च.नं./PMEP/१०२ .

मितिः– २०७५/१२/११

विषयः– बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै ।
(मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय), सिंहदरवार ।

प्रस्तुत विषयमा यस आर्थिक वर्ष २०७५/७६ देखि यस मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुको सहकार्यमा आन्तरिक रोजगारी श्रृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

उक्त कार्यक्रमको सबै स्थानीय तह मातहत स्थापित रोजगार सेवा केन्द्र मार्फत कार्यान्वयन गरिने व्यवस्था रोजगारीको हकसम्बन्धी ऐन २०७५, रोजगारीको हकसम्बन्धी नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ मा गरिएको छ ।

यसरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट उपशीर्षक नं. ३७११०८ बाट देहाय बमोजिमका खर्च शीर्षक अन्तर्गत तोकिए बमोजिमका क्रियाकलापहरुमा खर्च गर्ने गरी सबै स्थानीय तहहरुलाई LMBIS मार्फत पठाईसकिएको छ । यसरी प्राप्त भएको बजेट सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गरी नियमानुसार खर्च गर्नु हुन र त्यसको प्रतिवेदन समयमै यस मन्त्रालयमा उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहायः

| सि.नं. | खर्च शीर्षक | खर्च गरिनु पर्ने क्रियाकलापहरु |
|---|---|---|
| १ | तलब | रोजगार संयोजकको तोकिए बमोजिमको तलब |
| २ | स्थानीय भत्ता | रोजगार संयोजकले भौगोलिक क्षेत्रका लागि तोकिएबमोजिम पाउने स्थानीय भत्ता |
| ३ | कार्यक्रम खर्च | क) पूँजीगत सामान खरिद – यस अन्तर्गत देहायका पूँजीगत सामानहरु खरिद गर्नु पर्नेछः कम्प्यूटर-१, लेजर प्रिन्टर (नेटवर्क कार्ड सहितको), स्क्यानर-१, डिजिटल क्यामरा-१, कम्प्यूटर टेबल-१, कार्यालय टेबल-१, कुर्सीहरु-६, स्टिल दराज-१ र काठको र्‍याक-१ । यसका लागि अधिकतम रु.२,८६,०००।– सम्म खर्च गर्न सकिनेछ ।<br>ख) प्रधानमन्त्री रोजगार कार्यक्रमको समन्वय, सहकार्य र कार्यशाला र बैठक आदिका लागि गरिने खर्च । यसका लागि रु.१६,०००।- विनियोजन गरिएको छ । |
| ४ | विविध | वेरोजगार व्यक्तिको सूचीमा समावेश हुने आवेदन फाराम (अनुसूची-१) छपाईका लागि खर्च । |
| ५ | अनुगमन | प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय तहमा भएको कार्यान्वयनको अनुगमन गर्दा लाग्ने खर्च । |
| ६ | कार्यालय सञ्चालन | रोजगार सेवा केन्द्रको लागि आवश्यक पर्ने इन्टरनेट, टेलिफोन, स्टेशनरी र बैठक खर्च |

.............................
डा.लोकनाथ भुसाल
उपसचिव

बोधार्थः
श्री आर्थिक प्रशासन शाखा,
श्री नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा,
श्री प्रशासन शाखा, श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय ।